# आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको

## अर्द्ध-वार्षिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

## विषय-सूची


पृष्ठभूमि ........ १

समष्टिगत आर्थिक स्थिति ........ १

वित्तीय क्षेत्र स्थिति ........ २

मौद्रिक नीतिको कार्यान्वयन स्थिति ........ ३

आर्थिक तथा मौद्रिक लक्ष्यहरुको स्थिति ........ ३

तरलता व्यवस्थापन ........ ४

वित्तीय क्षेत्रसम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति ........ ५

भुक्तानी प्रणाली ........ ८

विदेशी विनिमय व्यवस्थापन ........ ९

अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य ........ १०

राष्ट्रिय आर्थिक तथा मौद्रिक परिदृश्य ........ ११

मौद्रिक कार्यदिशा ........ १२

मौद्रिक तथा वित्तीय उपायहरू ........ १२

# आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा

## पृष्ठभूमि

१. कोभिड-१९ महामारीबाट मानव जीवन र आर्थिक गतिविधि प्रभावित भइरहेको अवस्थामा समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम राख्दै अर्थतन्त्रको पुनरुत्थानमा सघाउ पुऱ्याउने मुख्य उद्देश्यका साथ आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति २०७८ साउन २९ गते सार्वजनिक गरिएको थियो । मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०७८ मंसिर १० गते गरिएको थियो । कोभिड-१९ संक्रमण दर कम हुँदै गएसँगै आर्थिक गतिविधि विस्तार भइरहेकोमा नयाँ भेरियन्टको कोभिड संक्रमण देखापरिरहेको हुँदा स्वास्थ्य सावधानी अपनाउदै आर्थिक क्रियाकलापहरु सुचारु राख्नुपर्ने अवस्था रहेको छ ।

२. चालु आर्थिक वर्षको ६ महिनामा आर्थिक पुनरुत्थानसँगै आयातमा पनि उल्लेख्य वृद्धि भएको छ । निर्यातको वृद्धिदर उच्च रहेतापनि यसको आधार सानो भएकाले व्यापार घाटाको आकार बढेको छ । यस अवधिमा विप्रेषण आप्रवाहमा समेत संकुचन आएकाले शोधनान्तर स्थिति घाटामा रहनुको साथै विदेशी विनिमय सञ्चिति घटेको छ ।

३. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि हुनुको साथै उपभोग्य वस्तुको मूल्यमा समेत वृद्धि भएको छ । तसर्थ, नेपालमा पनि हाल मूल्यमा चापको स्थिति रहेको छ । यो प्रवृत्ति कायम रहेमा मुद्रास्फीतिलाई लक्षित सीमाभित्र राख्ने कार्य चुनौतीपूर्ण हुने देखिन्छ ।

४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार उच्च रहेकोले तरलता व्यवस्थापनमा दबाब परेको छ । तसर्थ, आन्तरिक एवम् वाह्य क्षेत्र सन्तुलन कायम राख्न सीमित वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा परिचालन गर्न जोड दिनुपर्ने आवश्यकता छ ।

५. चालु आर्थिक वर्षको ६ महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिमा उल्लिखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, नेपाल सरकारको चालु आर्थिक वर्षको बजेटको अर्द्ध-वार्षिक मूल्याङ्कन र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यलाई ध्यानमा राखी मौद्रिक नीतिको यो समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## समष्टिगत आर्थिक स्थिति

६. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा कोभिड संक्रमण दरमा उल्लेखनीय रुपमा कमी आएको र कोभिड-१९ विरुद्धको खोप सहज रुपमा उपलब्ध हुन थालेकोले आर्थिक गतिविधिहरु

क्रमशः सुधार हुँदै गएका थिए । तर, पछिल्लो समय कोभिडको नयाँ भेरियन्टहरु उत्पत्ति भई तीव्र रुपमा फैलिएकाले आर्थिक पुनरुत्थानको गति कायम राख्ने कार्यमा चुनौती सिर्जना भएको छ । तापनि पछिल्लो भेरियन्ट त्यति घातक नदेखिएकाले आर्थिक गतिविधि कम मात्राले मात्र प्रभावित हुने देखिन्छ ।

७. आर्थिक वर्ष २०७८/७९ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ५.०३ प्रतिशत रहेको छ । वार्षिक बिन्दुगत आधारमा २०७८ पुसमा उपभोक्ता मुद्रास्फीति ५.६५ प्रतिशत रहेको छ । २०७७ पुसमा यस्तो मुद्रास्फीति ३.५६ प्रतिशत रहेको थियो (तालिका १) ।

**तालिका १: मुद्रास्फीति**

| विवरण | ६ महिनाको औसत | | वार्षिक बिन्दुगत | |
|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७ पुस | २०७८ पुस |
| **समग्र** | **३.७२** | **५.०३** | **३.५६** | **५.६५** |
| खाद्य | ५.५० | ४.२४ | ४.२७ | ४.९२ |
| गैर-खाद्य | २.३५ | ५.६५ | २.९९ | ६.२३ |

८. विगत केही समययता आयातमा भएको वृद्धि तथा विप्रेषण आप्रवाहमा आएको कमीका कारण वाह्य क्षेत्रमा दबाब सिर्जना भएको छ । चालु आर्थिक वर्षको पहिलो ६ महिनामा निर्यात ९५.५ प्रतिशतले वृद्धि भई रु.११८ अर्ब ८५ करोड र आयात ५१.१ प्रतिशतले विस्तार भई रु.९९९ अर्ब ३४ करोड पुगेको छ । निर्यातको वृद्धिदर उच्च रहेपनि आधार सानो हुँदा समीक्षा अवधिमा व्यापार घाटा ४६.६ प्रतिशतले विस्तार भएको छ ।

९. समीक्षा अवधिमा चालु खाता रु.३५४ अर्ब ७ करोड घाटामा रहेको छ भने शोधनान्तर स्थिति रु.२४१ अर्ब २३ करोड घाटामा रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७८ पुस मसान्तमा ६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति रहेको छ ।

१०. २०७८ पुस मसान्तसम्ममा संघीय सरकारको खर्च रु.५०६ अर्ब ७९ करोड भएको छ भने राजस्व र अन्य प्राप्तिसमेत गरी कुल रु.५७६ अर्ब २५ करोड आन्तरिक स्रोत परिचालन भएको छ ।

## वित्तीय क्षेत्र स्थिति

११. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ३.८ प्रतिशतले वृद्धि भई रु.४८४१ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ९.२ प्रतिशतले वृद्धि भई रु.४१९१ अर्ब ९४ करोड पुगेको थियो ।

१२. समीक्षा अवधिमा बैक तथा वित्तीय संस्थाको निजी क्षेत्रतर्फ लगानीमा रहेको कर्जा १२.१ प्रतिशतले वृद्धि भई रु.४५७७ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.४ प्रतिशतले बढेर रु.३५७६ अर्ब १२ करोड पुगेको थियो ।

१३. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप रु.१७९ अर्ब ७ करोडले वृद्धि भएकोमा निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा भने रु.४९२ अर्ब ६३ करोडले विस्तार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप रु.३५२ अर्ब २१ करोड तथा कर्जा रु.३६६ अर्ब ३३ करोडले विस्तार भएको थियो ।

१४. बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी २०७८ असार मसान्तमा रु.३९० अर्ब ५६ करोड रहेकोमा ११.९ प्रतिशतले बढेर २०७८ पुस मसान्तमा रु.४३७ अर्ब १३ करोड पुगेको छ । त्यसैगरी, यस अवधिमा पुँजीकोष रु.५९७ अर्ब ६२ करोडबाट ११.३ प्रतिशतले वृद्धि भई रु.६६५ अर्ब पुगेको छ ।

१५. २०७८ पुसमा वाणिज्य बैंकहरुको पुँजी कोष पर्याप्तता अनुपात १३.३१ प्रतिशत, विकास बैंकहरुको १३.८७ प्रतिशत र वित्त कम्पनीहरुको १७.६१ प्रतिशत रहेको छ । २०७८ असारमा यी अनुपातहरु क्रमशः १४.१३ प्रतिशत, १३.१४ प्रतिशत र २२.०४ प्रतिशत रहेका थिए ।

१६. बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै वित्तीय पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७८ असार मसान्तमा १०६८३ रहेकोमा ५ प्रतिशतले बढेर २०७८ पुस मसान्तमा ११२१५ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या २८४४ बाट घटेर २७०९ कायम भएको छ ।

१७. २०७८ असार मसान्तमा २८८३.४ रहेको नेप्से सूचकाङ्क २०७८ पुस मसान्तमा २८५७.८ कायम भएको छ । त्यसैगरी, २०७८ असार मसान्तमा बजार पुँजीकरण रु.४०१० अर्ब ९६ करोड रहेकोमा २०७८ पुस मसान्तमा रु.४०३७ अर्ब १३ करोड रहेको छ ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### आर्थिक तथा मौद्रिक लक्ष्यहरुको स्थिति

१८. आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत कायम गर्ने लक्ष्य राखिएकोमा वार्षिक

**तालिका २: मौद्रिक लक्ष्यहरुको स्थिति**

(प्रतिशत)

| वृद्धिदर | वार्षिक बिन्दुगत | |
|---|---|---|
| | आ.व. २०७८/७९ (प्रक्षेपित) | २०७८ पुस मसान्त (यथार्थ) |
| विस्तृत मुद्राप्रदाय | १८.० | १४.३ |
| निजी क्षेत्रमाथिको दावी | १९.० | २७.४ |

बिन्दुगत आधारमा २०७८ पुस मसान्तमा १४.३ प्रतिशतले वृद्धि भएको छ ।

१९. आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रमाथिको दाबी १९ प्रतिशतले बढ्ने प्रक्षेपण रहेकोमा वार्षिक बिन्दुगत आधारमा २०७८ पुस मसान्तमा यस्तो वृद्धिदर २७.४ प्रतिशत रहेको छ ।

## तरलता व्यवस्थापन

### तरलता प्रवाह तथा प्रशोचन

२०. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा खुला बजार कारोबारका विभिन्न उपकरणहरुमार्फत रु.३५१ अर्ब ७ करोड र स्थायी तरलता सुविधामार्फत रु.३०१५ अर्ब ८९ करोड गरी कुल रु.३३६६ अर्ब ९६ करोड तरलता प्रवाह गरिएको छ । चालु आर्थिक वर्षको पहिलो महिनामा रिभर्स रिपोमार्फत रु.२८ अर्ब ३५ करोड र निक्षेप संकलन उपकरणमार्फत रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.२४१ अर्ब ३४ करोड तरलता प्रशोचन गरिएको थियो (तालिका ३) ।

**तालिका ३: तरलता व्यवस्थापन**

*रु. अर्बमा*

| विवरण | ६ महिना | |
|---|---|---|
| | २०७७/७८ | २०७८/७९ |
| **(क) तरलता प्रवाह** | - | **३३६६.९६** |
| रिपो | - | २४०.० |
| सोझै खरिद | - | २७.२१ |
| रिपो बोलकबोल* | - | ८३.८५ |
| स्थायी तरलता सुविधा | - | ३०१५.८९ |
| **(ख) तरलता प्रशोचन** | **२४१.३४** | **६०.००** |
| रिभर्स रिपो | ८९.५४ | २८.३५ |
| सोझै बिक्री बोलकबोल | | - |
| निक्षेप संकलन बोलकबोल | १५१.८० | ३१.६५ |
| निक्षेप संकलन बोलकबोल* | | - |
| **(ग) खुद प्रवाह (क-ख)** | **-२४१.३४** | **३३०६.९६** |

* ब्याजदर करिडोरअन्तर्गत भएको कारोवार ।

२१. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजारबाट अमेरिकी डलर ६६ करोड ७४ लाख खुद खरिद गरी रु.८० अर्ब २६ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब १२ करोड खुद खरिद गरी रु.२५१ अर्ब २ करोड तरलता प्रवाह गरिएको थियो । यसरी समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा अमेरिकी डलरको खरिद ६८.५ प्रतिशतले कमी आएको छ ।

२२. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब १८ करोड बिक्री गरी रु.२६० अर्ब ७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ४ करोड बिक्री गरी रु.२४१ अर्ब ३१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो । समीक्षा अवधिमा खरिद गरिएको भारतीय रुपैयाँ गत वर्षको सोही अवधिको तुलनामा ७.८ प्रतिशतले बढी हो ।

## अन्तर-बैंक कारोबार

२३. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा वाणिज्य बैंकहरूले रु.१६२६ अर्ब ४ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकबीच बाहेक) ले रु.२१३ अर्ब ५० करोड गरी कुल रु.१८३९ अर्ब ५४ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूले रु.१८९ अर्ब १८ करोड र अन्य वित्तीय संस्थाहरूले रु.१०१ अर्ब ६० करोड गरी कुल रु.२९० अर्ब ७८ करोड अन्तर-बैंक कारोबार भएको थियो । यसरी समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलना ६ गुणा बढी अन्तरबैंक कारोबार भएको छ ।

## ब्याजदर

२४. २०७७ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.८७ प्रतिशत रहेकोमा २०७८ पुसमा ५.०७ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ पुसको ०.१४ प्रतिशतको तुलनामा २०७८ पुसमा ४.७६ प्रतिशत कायम भएको छ (तालिका ४) । मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने बैंक तथा वित्तीय संस्थाहरूको औसत अन्तर-बैंक दर २०७७ पुसमा ०.१८ प्रतिशत रहेकोमा २०७८ पुसमा ४.७७ प्रतिशत कायम भएको छ ।

**तालिका ४ : भारित औसत ब्याजदर *(प्रतिशतमा)***

| विवरण | असार | | पुस | |
|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७७ | २०७८ |
| ९१-दिने ट्रेजरी विल | १.२७ | ४.५५ | ०.८७ | ५.०७ |
| वाणिज्य बैंकहरुको अन्तर-बैंक दर | ०.३५ | ४.१२ | ०.१४ | ४.७६ |
| कर्जाको भारित औसत ब्याजदर | १०.११ | ८.४३ | ९.०९ | ९.४४ |
| निक्षेपको भारित औसत ब्याजदर | ६.०१ | ४.६५ | ५.०० | ६.३७ |
| आधार दर | ८.५० | ६.६६ | ७.१८ | ८.४२ |

२५. २०७८ पुसमा वाणिज्य बैंकहरूको औसत आधार दर ८.४२ प्रतिशत, निक्षेपको भारित औसत ब्याजदर ६.३७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.४४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा तरलता अभावले अल्पकालीन र दीर्घकालीन दुबै ब्याजदरहरु बढेका छन् ।

## वित्तीय क्षेत्रसम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति

## स्रोत परिचालन

२६. वाणिज्य बैंकहरुले कृषि ऋणपत्र र ऊर्जा ऋणपत्र निष्काशन गर्नसक्ने व्यवस्था अनुरुप हालसम्म रु.१८ अर्बको कृषि ऋणपत्र र रु.१० अर्बको ऊर्जा ऋणपत्र निष्काशन गर्ने स्वीकृति प्राप्त गरेका छन् ।

२७. वैदेशिक रोजगारीमा रहेका नेपालीको विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेमा न्यूनतम १ प्रतिशत बिन्दु थप ब्याज पाउने व्यवस्था कार्यान्वयनमा आएको छ ।

### कर्जा प्रवाह

२८. वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत कृषि, ऊर्जा र लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा रु.१ करोड भन्दा कम रकमका कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७८ पुस मसान्तमा यस्तो अनुपात ११.१५ प्रतिशत रहेको छ ।

२९. कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रु.१५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

३०. ऋणी स्वयम् रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रु.२५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

३१. महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु.२० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न शुरु गरिएको छ ।

३२. वास्तविक कृषि व्यवसायीलाई रु.२० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था कार्यान्वयनमा आएको छ ।

### सहुलियतपूर्ण कर्जा

३३. उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमार्फत उत्पादनशील अर्थतन्त्र निर्माण गर्न नेपाल सरकारको ब्याज अनुदानमा आधारित सहुलियतपूर्ण कर्जा प्रवाह समीक्षा अवधिमा बढेको छ । २०७८ पुस मसान्तमा १ लाख ४० हजार ५२१ ऋणीहरुलाई रु.२१३ अर्व ५८ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ । २०७८ असारको तुलनामा ऋणीको संख्या ३५ प्रतिशतले र लगानीमा रहेको सहुलियतपूर्ण कर्जा ३२.३ प्रतिशतले बढेको छ ।

## आर्थिक पुनरुत्थानलक्षित विशेष कार्यक्रम

### पुनरकर्जा

३४. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ संशोधन गरी कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसायलाई पुनरकर्जामा प्राथमिकता दिइएको छ ।

नेपाल राष्ट्र बैंकबाट सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा २०७८ पुस मसान्तमा रु.१५८ अर्ब ३८ करोड लगानीमा रहेको छ ।

## व्यवसाय निरन्तरता कर्जा

३५. कोभिड-१९ संक्रमणबाट प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको व्यवसाय निरन्तरता कर्जा २०७८ पुस मसान्तसम्ममा रु.१ अर्ब १३ करोड स्वीकृत भएको छ ।

## कर्जा भुक्तानी अवधि थप, पुनरसंरचना तथा पुनरतालिकीकरण

३६. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गरेका ऋणीहरुमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्था स्वयंले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । यस व्यवस्थाअन्तर्गत २०७८ पुस मसान्तसम्म १,५५८ ऋणीको रु.५अर्ब २८ करोड कर्जाको भुक्तानी अवधि थप भएको छ ।

३७. निषेधाज्ञा अवधिको २०७८ असारसम्म भुक्तानी गर्नुपर्ने इएमआई/इक्यूआई वा अन्य साँवा ब्याज भुक्तानी गर्न नसकेका ग्राहकहरुको वित्तीय स्थिति बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्ने व्यवस्थाअन्तर्गत २०७८ पुस मसान्तसम्म १२,३०० ऋणीको रु.१३ अर्ब ८८ करोड कर्जाको भुक्तानी अवधि थप भएको छ ।

३८. कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसायका ऋणीले २०७८ पुससम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वको समयावधि एक वर्षसम्म थप गरी कम्तिमा चार किस्तामा भुक्तानी गर्नसक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

३९. कोभिड-१९ बाट अति प्रभावित पर्यटन, चलचित्र, पार्टी प्यालेस, सार्वजनिक यातायात तथा शिक्षा क्षेत्रमा प्रवाह भएको कर्जा बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्ममा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्नसक्ने व्यवस्थाअन्तर्गत २०७८ पुस मसान्तसम्म १,५२३ ऋणीको रु.८ अर्ब ४५ करोड कर्जाको पुनरसंरचना तथा पुनरतालिकीकरण भएको छ ।

### कर्जासम्बन्धी अन्य व्यवस्था

४०. ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति प्राप्त ग्रेस अवधिमा रहेका निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको २०७९ असार मसान्तसम्म पाकेको ब्याज पुँजीकरण गर्न सकिने व्यवस्था कार्यान्वयनमा आएको छ ।

४१. विद्युतीय सवारी साधनको लागि आवश्यक चार्जिङ्ग स्टेशन स्थापनाको लागि प्रवाह हुने कर्जामा पुनरकर्जा उपलब्ध हुने गरी पुनरकर्जा कार्यविधि संशोधन गरिएको छ ।

४२. अस्पताल नभएका स्थानीय तहमा १०० बेडसम्मको अस्पताल स्थापना गर्न बैंक तथा वित्तीय संस्थाहरुले आधार दरमा अधिकतम २ प्रतिशत विन्दुसम्म प्रिमियम थप गरी रु.२० करोडसम्म कर्जा प्रवाह गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

### नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्था

४३. बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको सदुपयोगिता सुनिश्चित गर्ने, सम्पत्तिको गुणस्तर सुधार गर्ने र कर्जा जोखिम व्यवस्थापन प्रभावकारी बनाउने उद्देश्यले चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शनको मस्यौदा सुझावको लागि सार्वजनिक गरिएको छ ।

४४. हायरपर्चेज कर्जा कारोबार गर्ने संस्थाहरुको स्रोत परिचालन, ब्याजदर, कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था लगायतका नीतिगत एवम् प्रक्रियागत व्यवस्थासम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गरिएको छ ।

४५. बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च पारदर्शी एवम् न्यायोचित रुपमा गराउन र यसबाट सामाजिक हित प्रवर्द्धन भई स्रोतको प्रभावकारिता अभिवृद्धि गर्न यससम्बन्धी मार्गदर्शनको मस्यौदा सुझावको लागि सार्वजनिक गरिएको छ ।

### भुक्तानी प्रणाली

४६. विद्युतीय भुक्तानीका उपकरणहरुबीच अन्तरआवद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरुको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्वीच स्थापना गर्ने कार्यअन्तर्गत पहिलो चरणमा Retail Payment Switch सञ्चालनमा आएको छ ।

४७. विद्युतीय भुक्तानी कारोवारको प्रवर्द्धनका लागि कार्ड र वालेटका माध्यमहरुबाट हुने भुक्तानी कारोबारको अधिकतम सीमा वृद्धि गरिएको छ ।

४८. लघुवित्त वित्तीय संस्थाले यस बैंकबाट अनुमति लिई विद्युतीय भुक्तानी सेवा सञ्चालन गर्नसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी, यस बैंकबाट भुक्तानी सेवा सञ्चालन गर्न अनुमतिपत्रप्राप्त संस्थाले सहकारी संस्थाका ग्राहक सदस्यलाई सरकारी राजस्व भुक्तानी र Utility Payment प्रयोजनका लागि सहकारी संस्था मर्चेन्टको रुपमा आफ्नो प्रणालीमा आवद्ध गर्न सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

४९. विभिन्न ४७ प्रमुख शीर्षक अन्तर्गतका हार्मोनिक कोड भएका वस्तुहरुको आयातको लागि प्रतीतपत्र खोल्दा ५० प्रतिशतदेखि १०० प्रतिशतसम्म नगद मार्जिन राख्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ ।

५०. Document Against Payment र Document Against Acceptance को विद्यमान सीमा पुनरावलोकन गरी एक पटकमा अधिकतम अमेरिकी डलर पचास हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्मको मालसामान मात्र आयात गर्न सकिने व्यवस्था कार्यान्वयनमा आएको छ ।

५१. व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशी संस्थाबाट नेपालमा विदेशी ऋण लिने प्रयोजनका लागि वाणिज्य बैंकहरुले विदेशी मुद्राको बैंक ग्यारेण्टी वा stand by प्रतीतपत्र जारी गर्नसक्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

५२. नेपाली फर्म, कम्पनी, उद्योग, बैंक तथा वित्तीय संस्था लगायतले परिवर्त्य विदेशी मुद्रामा ऋण लिँदा तिर्नुपर्ने ब्याजदरलाई लाइबोर (LIBOR) दरसँग आवद्ध गरिएको विद्यमान व्यवस्थालाई परिमार्जन गरी विभिन्न बेन्चमार्क ब्याजदरहरु (Benchmark Interest Rates) सँग आवद्ध गरिनुको साथै मार्जिन दरमा पुनरावलोकन गरिएको छ ।

५३. वाणिज्य बैंकहरुले गैरआवासीय नेपाली तथा गैरआवासीय नेपालीहरुबाट प्रवर्द्धित विदेशस्थित संस्थाहरुबाट परिवर्त्य विदेशी मुद्रामा बचत निक्षेप संकलन तथा परिचालन गर्न पाउने र उक्त निक्षेप बैंकिङ्ग प्रणालीमार्फत तोकिएका शर्तहरुको अधीनमा रही फिर्ता लैजान सक्ने व्यवस्था कार्यान्वयन गरिएको छ ।

५४. वाणिज्य बैंकहरुले आफूसँग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्रा डेरिभेटिभ कारोबारमा लगानी गर्न पाउने सीमा, कारोबार अवधि, कारोबारको खुद हिसाव मिलान (Net settlement) लगायतका व्यवस्थामा परिमार्जन गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५५. विगत केही समययता विस्तार भएको कोभिड-१९ को ओमिक्रोन भेरियन्ट संक्रमणका कारण विश्व अर्थव्यवस्थामा नयाँ चुनौती सिर्जना भएको छ । संक्रमण फैलिन नदिनका लागि सबैजसो मुलुकहरुले आवतजावत सीमित गर्नेगरी पुन: विभिन्न व्यवस्थाहरु कार्यान्वयनमा ल्याएका छन् । फलस्वरुप, सन् २०२२ मा विश्व अर्थव्यवस्थाको आर्थिक वृद्धि अपेक्षितभन्दा कम रहने देखिएको छ ।

५६. सन् २०२० मा ३.१ प्रतिशतले संकुचन भएको विश्व अर्थतन्त्र सन् २०२१ मा ५.९ प्रतिशतले विस्तार भएको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेकोमा सन् २०२२ मा भने ४.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ ।

**तालिका ५: विश्व अर्थतन्त्रको वृद्धिदर**

| अर्थतन्त्र | २०२० | २०२१ | २०२२ |
|---|---|---|---|
| विकसित मुलुकहरु | -४.५ | ५.० | ३.९ |
| युरो क्षेत्र | -६.४ | ५.२ | ३.९ |
| उदीयमान तथा विकासोन्मुख एशिया | -०.९ | ७.२ | ५.९ |
| उदीयमान तथा विकासोन्मुख युरोप | -१.८ | ६.५ | ३.५ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | -६.९ | ६.८ | २.४ |
| मध्य पूर्व तथा मध्य एशिया | -२.८ | ४.२ | ४.३ |
| सब-सहारन अफ्रिका | -१.७ | ४.० | ३.७ |
| न्यून आय भएका विकासोन्मुख मुलुकहरु | ०.१ | ३.१ | ५.३ |
| **विश्व अर्थतन्त्र** | **-३.१** | **५.९** | **४.४** |

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, जनवरी २०२२

५७. सन् २०२० मा ४.५ प्रतिशतले संकुचनमा रहेको विकसित मुलुकहरुको अर्थतन्त्र सन् २०२१ मा ५.० प्रतिशतले विस्तार भएको कोषको अनुमान छ । यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०२० मा २.० प्रतिशतले संकुचन भएकोमा सन् २०२१ मा ६.५ प्रतिशतले विस्तार भएको अनुमान छ । सन् २०२२ मा विकसित मुलुकहरुको अर्थतन्त्र ३.९ प्रतिशतले र उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्र ४.८ प्रतिशतले मात्र विस्तार हुने कोषको प्रक्षेपण छ ।

५८. चीनको आर्थिक वृद्धिदर सन् २०२० मा २.३ प्रतिशत रहेकोमा सन् २०२१ मा ८.१ प्रतिशत तथा सन् २०२० मा ७.३ प्रतिशतले ऋणात्मक रहेको भारतको अर्थतन्त्र सन् २०२१ मा ९.० प्रतिशतले विस्तार भएको कोषको अनुमान छ । सन् २०२२ मा चीनको आर्थिक वृद्धिदर ४.८ प्रतिशत तथा भारतको आर्थिक वृद्धिदर ९.० प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

५९. पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि तथा आपूर्ति श्रृंखलामा आएको अवरोधका कारण सन् २०२२ मा सबैजसो मुलुकहरुले मूल्य वृद्धिको सामना गर्नुपर्ने प्रक्षेपण रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२० मा पेट्रोलियम पदार्थको मूल्यमा ३२.७ प्रतिशतले गिरावट आएकोमा सन् २०२१ मा ६७.३ प्रतिशतले वृद्धि भएको छ ।

६०. विकसित मुलुकहरुको मुद्रास्फीति सन् २०२० मा ०.७ प्रतिशत तथा सन् २०२१ मा ३.१ प्रतिशत रहेकोमा सन् २०२२ मा ३.९ प्रतिशत रहने कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील मुलुकहरुको मुद्रास्फीति सन् २०२० मा ५.१ प्रतिशत तथा सन् २०२१ मा ५.७ प्रतिशत रहेकोमा सन् २०२२ मा ५.९ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

६१. कोभिड-१९ बाट सन् २०२० मा प्रभावित भएको वैदेशिक व्यापार सुधारोन्मुख रहेको छ । सन् २०२० मा वैदेशिक व्यापार आयतनमा ८.२ प्रतिशतले संकुचन आएकोमा सन् २०२१ मा ९.३ प्रतिशतले विस्तार भएको कोषको अनुमान छ । सन् २०२२ मा वैदेशिक व्यापार आयतन ६.० प्रतिशतले मात्र विस्तार हुने कोषको प्रक्षेपण रहेको छ ।

## राष्ट्रिय आर्थिक तथा मौद्रिक परिदृश्य

६२. कोभिड-१९ महामारी विरुद्धको खोपको उपलब्धता बढ्दै गएको, वैदेशिक रोजगारीमा जानेको संख्या तथा विदेशी पर्यटक आगमनसमेत बढ्न सुरु भएको अवस्थामा नयाँ भेरियन्टको रुपमा कोभिड संक्रमण दोहोरीरहने प्रवृत्ति रहेतापनि पछिल्लो भेरियन्ट त्यति घातक नदेखिएकोले आर्थिक गतिविधिहरु कमै मात्र प्रभावित हुने अपेक्षा रहेको छ ।

६३. चालु आर्थिक वर्षको पहिलो महिनादेखि नै वाह्य क्षेत्रतर्फ भुक्तानी सन्तुलन घाटामा गएको र साधन परिचालनको तुलनामा कर्जा माग उच्च रहेका कारण बैंकिङ्ग क्षेत्रको तरलतामा दबाब परेको छ । कर्जा विस्तारको ठूलो अंश आयाततर्फ केन्द्रित भई शोधनान्तर घाटा बढ्दो र विदेशी विनिमय सञ्चिति घट्दो क्रममा रहेसम्म तरलतामा चापको स्थिति कायमै रहने देखिन्छ ।

६४. निजीक्षेत्रतर्फको बैंक कर्जामा भएको तीब्र विस्तार र सम्पत्तिको मूल्यमा आएको बढोत्तरीका कारण समग्र माग विस्तार भएकोले वाह्य क्षेत्रतर्फ आयात र व्यापार घाटा उच्च दरले वृद्धि भएको छ । विप्रेषण आप्रवाहमा संकुचन आएको र विदेशी मुद्रा आर्जनको स्रोत फराकिलो हुन समय लाग्ने देखिएकोले वाह्य क्षेत्रमा विद्यमान दबाबको स्थिति अझै केही समयसम्म रहने अनुमान छ ।

६५. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढ्दो क्रममा रहेको र यसको प्रभाव नेपालमा पनि परेको छ । साथै, चालु आर्थिक वर्ष स्थानीय तहको निर्वाचन हुन गइरहेको सन्दर्भमा आन्तरिक माग थप बढ्न गई मुद्रास्फीतिमा चाप पर्नसक्ने देखिन्छ । हालै गरिएको मुद्रास्फीति अपेक्षा सर्वेक्षणले पनि मुद्रास्फीतिमा पर्नसक्ने चापलाई संकेत गरेको छ । तथापि, चालु आर्थिक वर्षको औसत मुद्रास्फीति अपेक्षित सीमा नजिक रहने अनुमान छ ।

## मौद्रिक कार्यदिशा

६६. वाह्य क्षेत्र र तरलतामा विद्यमान चापको स्थितिलाई दृष्टिगत गर्दै वाह्य क्षेत्र स्थायित्वसहित समष्टिगत आर्थिक स्थायित्व कायम राख्नेतर्फ मौद्रिक व्यवस्थापनलाई परिलक्षित गरिनेछ ।

६७. वाह्य क्षेत्रमा देखापरेको असन्तुलनलाई मध्यनजर गर्दै कोभिड-१९ महामारीको असाधारण परिस्थितिका कारण प्रभावित अर्थतन्त्रको पुनरुत्थानलाई सहजीकरण गर्न अवलम्बन गरिएका पुनरकर्जा सुविधा लगायतका अन्य नियामकीय सुविधाहरुलाई क्रमशः कम गर्दै यस्ता सुविधाहरुलाई कोभिड संक्रमणबाट अति प्रभावित भई पुनरुत्थान हुन बाँकी रहेका क्षेत्रतर्फ मात्र केन्द्रित गरिनेछ ।

६८. आन्तरिक तथा वाह्य क्षेत्र सन्तुलनलाई सुदृढ बनाउन वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा प्रवाह गराउने दिशामा जोड दिइने छ ।

## मौद्रिक तथा वित्तीय उपायहरू

६९. मौद्रिक नीतिको कार्यदिशाको संकेतको रुपमा बैंकदरलाई विद्यमान ५ प्रतिशतबाट २ प्रतिशत बिन्दुले थप गरी ७ प्रतिशत कायम गरिएको छ । ब्याजदर करिडोरसँग सम्वन्धित स्थायी तरलता सुविधा दर ७ प्रतिशत, नीतिगत रिपो दर ५.५ प्रतिशत र निक्षेप संकलन दर ४ प्रतिशत कायम गरिएको छ । विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई भने यथावत कायम राखिएको छ ।

७०. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको असल कर्जाको धितोमा प्रदान गरिने पुनरकर्जा सुविधाअन्तर्गत सम्वन्धित ग्राहकबाट लिन पाउने अधिकतम ब्याजदर ७ प्रतिशत कायम गरिनेछ ।

७१. बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने विभिन्न प्रकृतिका कर्जाहरुमध्ये उत्पादनशील क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदर अन्य क्षेत्रतर्फ प्रवाह गरिने कर्जाको ब्याजदरभन्दा कम हुने गरी फरक पार्ने सम्वन्धमा अध्ययन गरिनेछ । यो व्यवस्था आगामी त्रयमासदेखि कुनै एक क्षेत्रबाट नमूनाको रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

७२. बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको ट्रष्ट रिसिट लगायतका आयात कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, जग्गा प्लटिङसम्बन्धी रियल इस्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा तथा मार्जिन प्रकृतिको कर्जाको जोखिम भारमा पुनरावलोकन गरिनेछ ।

७३. पूर्वाधार विकास बैंकले समेत ऊर्जा ऋणपत्र जारी गर्नसक्ने व्यवस्था मिलाइनेछ ।

७४. कोभिड १९ को प्रभावलाई मध्यनजर गरी वाणिज्य बैंकहरुले आ-आफ्नो विशेषज्ञताको आधारमा तोकिएका क्षेत्रअन्तर्गतका कृषि, ऊर्जा तथा लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको सीमासम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ ।

७५. भारतबाट क्रेडिट सुविधामा वस्तु आयात गर्न सकिने विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

७६. गैर-आवासीय नेपालीको नाममा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सकिने सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

७७. विप्रेषण कम्पनीहरुले आफ्ना एजेन्ट र सब-एजेन्टमार्फत स्वदेशभित्र गर्ने रकम स्थानान्तरणको सीमालाई पुनरावलोकन गरिनेछ ।

**अन्त्यमा**

आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा प्रतिवेदन तयार गर्न आवश्यक सुझाव, तथ्याङ्क तथा विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने सबैमा नेपाल राष्ट्र बैंक धन्यवाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैँ सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

२०७८ फागुन ५ गते ।